# स्थानीय राजपत्र

## कञ्चन गाउँपालिकाद्वारा प्रकाशित

कञ्चन, खण्डः ८, भागः२ संख्याः ८, मितिः२०८२/११/२९ गते

**भाग-२**

**कञ्चन गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय, रुपन्देही**

कञ्चन गाउँपालिका स्थानीय राजपत्र

*कार्यपालिकाबाट स्वीकृत मिति : २०८२/११/२८*

## कञ्चन गाउँपालिका पुनर्स्थापना केन्द्र तथा सेवा केन्द्रको स्थापना तथा सञ्चालन र पुनर्स्थापना तथा सेवा कोष सम्वन्धमा व्यवस्थापन गर्न बनेको नियमावली, २०८२

**प्रस्तावनाः** लैंगिक हिंसा सामाजिक चिन्ताको विषय बनिरहेको छ। लैंगिक हिसाबाट प्रायः महिला नै प्रभावित हुने गरेका छन्। कतिपय प्रभावित महिला एक्का घरबाट निकालिने गरेको र कहीं कतै गास-वास नपाएर झन् जोखिममा पर्नुपरेको अवस्था पनि छ। महिना हिंसाविरुद्ध शून्य सहनशीलता हुनुपर्ने महिला स्वयमले परिवारका सदस्यजनले अनि समुदायका सबैले अन्यायको प्रतिकार गर्नुपर्दछ। संगसंगै प्रभावित महिला, बालबालिका तथा मानव बेचविखनबाठ पिडित व्यक्तिहरुको तत्काल संरक्षण गर्ने, न्याय दिलाउने र उनकै पक्षमा पारिवारिक मेलमिलाप कायम गराउने तर्फ पनि त्यतिकै ध्यान दिनुपर्ने भएको छ। घरेलु हिमा कसुर र सजाय) ऐन २०६६ तथा सो को नियमावली २०६७ र नेपालको संविधान २०७२ ले गरेको व्यवस्थानुसार **कञ्चन गाउँपालिकाले यस पालिकाको कार्यक्षेत्र** सेवा लिनुपर्ने गरी अन्य निकायबाट आपतकालि अवस्थामा सम्प्रेशण भई आएका लैगिक हिसा, घरेलु हिंसा तथा मानव बेचविखनबाट पीडित नागरिकहरुलाई तत्काल आपतकालिन सेवा र सुविधा पुऱ्याउनका लागि सेवाकेन्द्र संचालन गर्न बाञ्छनिय भएकाले कञ्चन गाउँपालिका पुनर्स्थापना केन्द्र तथा सेवा केन्द्रको स्थापना तथा सञ्चालन र पुनर्स्थापना तथा सेवा कोष सम्वन्धमा व्यवस्थापन गर्न बनेको ऐन,२०८२ को धारा १७ ले दिइएको अधिकार प्रयोग गरी यो नियमावली बनाइएको छ ।

परिच्छेद -१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्ररम्भः** १) यस ऐनको नाम " कञ्चन गाउँपालिका पुनर्स्थापना केन्द्र तथा सेवा केन्द्रको स्थापना तथा सञ्चालन र पुनर्स्थापना तथा सेवा कोष सम्वन्धी नियमावली, २०८२" रहेको छ ।

२) यो स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) "कोष" भन्नाले ऐनको दफा ९ बमोजिमको पुनर्स्थापना तथा सेवा कोष सम्झनु पर्छ ।

(ख) “निर्देशन समिति” भन्नाले आपतकालिन सेवा केन्द्रको नमुना कार्यक्षेत्रगत शर्त निर्देशिकाको दफा १३ बमोजिमको समितिलाई जनाउदछ ।

(ग)“पिडित" भन्नाले मानव बेचविखन तथा ओसारपसार ऐन, २०६४ मा परिभाषा गरिएको पीडित र प्रभावित भन्नाले बेचबिखन तथा ओसारपसारबाट प्रभावित अन्य व्यक्ति भन्ने सम्झनु पर्छ ।

(घ)"पुनर्स्थापना केन्द्र" भन्नाले मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा (१३) को उपदफा (१क) र (१ख) बमोजिमको पुनर्स्थापना केन्द्र सम्झनु पर्छ ।

(ङ)"समिति" भन्नाले पुनर्स्थापना तथा सेवा कोष सन्चालक समितिलाई जनाउदछ।

(च) "स्थानीय तह" भन्नाले कञ्चन गाउँपालिकालाई सम्झनु पर्दछ ।

(छ) "सेवा केन्द्र" भन्नाले घरेलु हिंसा (कसुर र सजाय) सम्बन्धी ऐन, २०६६ को दफा (१२) को उपदफा (१क) र (१ख) बमोजिमको सेवा केन्द्रलाई जनाउदछ ।

(ज)"शाखा" भन्नाले कञ्चन गाउँपालिकाको महिला, बालबालिका सम्बन्धि मामिला हेर्ने शाखा वा ईकाइलाई जनाउदछ ।

## परिच्छेद-२

## पुनर्स्थापनाकेन्द्र तथा सेवाकेन्द्रको स्थापना तथा सन्चालन सम्बन्धी व्यवस्था

३. **पुनर्स्थापनाकेन्द्र र सेवाकेन्द्रको कार्य क्षेत्रः**

स्थानीय तहको समन्वय समितिले अन्य तोकेकोमा बाहेक, पुनर्स्थापना केन्द्र र सेवाकेन्द्रको कार्यक्षेत्र कञ्चन गाउँपालिका क्षेत्रभित्र हुनेछ।

४. **कार्य जिम्मेवारीः** पुनर्स्थापना केन्द्र र सेवा केन्द्रको कार्य जिम्मेवारी देहाय बमोजिम हुनेछः

(क) निधर्धारित प्रक्रियाबाट सम्प्रेषित प्रभावित महिलाका लागि स्वीकृत मापदण्ड मुताविकको बस्ने-खाने व्यवस्था भएको सुरक्षित अल्पकालीन आश्रय सञ्चालन गर्ने ।

(ख) खण्ड (क) बमोजिम आरक्षित लैंगिक हिंसा पिडित व्यक्ति, घरेलु हिंसा पिडित तथा मानव बेचविखनबाट पिडित तथा प्रभावित व्यक्तिहरुका लागि निजको अवस्था अनुसार स्थानीयस्तरमा नै प्राप्त गर्नुपर्ने निम्ननिश्चित सेवाहरू प्रदान गर्ने

(1) लागेको चोटपटकको औषधीपचार,

(2) मनीसामाजिक विमर्श,

(3) न्यायमा पहुंच दिलाउन आवश्यक कानुनी परामर्श एवं सेवा,

(4) कानून कार्यान्वयन गर्ने निकायसंग सम्पर्क सेवा,

(ग) गम्भीर प्रकृतिको घटना भएको वा पारिवारिक मेलमिलापको पहल व्यर्थ भएको खण्डमा प्रभावित व्यक्तिहरुलाई तत्काल आवश्यकता अनुसार खण्ड बमोजिमका सेवा प्रदान गर्ने।

(घ) सुरक्षित आश्रय बावश्यक नपर्ने तर खण्ड (ख) मा उल्लिखित सेवा आवश्यक परी निधारित प्रक्रियाबाट सम्प्रेषित प्रभावित महिलाका हकमा पनि आवश्यक सेवा दिने ।

(ङ) सेवाप्राप्त प्रभावित महिलालाई हकभोग, पारिवारिक पुनर्मिलन, वैकल्पिक पुनस्थापनाका लागि संप्रेषकलाई समन्वय गरी फिर्ता गर्ने।

(च) स्थानीय स्वास्थ्य केन्द्रमा उपचार हुन नसक्ने चोटपटक भएमा, जटिल मनोसामाजिक समस्या भै थप मनोसामाजिक विमर्श आवश्यक परेमा कानूनी उपचार चाहेमा सेवा केन्द्र सञ्चालन गर्ने स्थानीय तहमा अनुरोध गर्ने ।

(छ) फिर्ता सम्प्रेषित प्रभावित व्यक्तिहरुको अवस्थाअनुसार हकभोग, पारिवारिक पुनर्मिलन तथा घटनाको पुनरावृत्ति नहोस् भनी अनुशरण लगायतमा याथशक्य सहजीकरण सम्वन्धित स्थानिय तहले गर्ने ।

(ज) स्थानीय तहका निगरानी समूह समिति तथा अन्य संघसंस्थासंग निरन्तर सम्पर्क समन्वय गर्ने।

(झ) विभिन्न सेवामा प्रभावित व्यक्तिहरुको पहुँच स्थापना गर्न स्थानीय सेवा प्रदायकमा अधिवाचन एवं सञ्जालीकरण गर्ने।

(ञ) सेवाकेन्द्रको मासिक, चौमासिक र बार्षिक भौतिक एवं वित्तीय प्रगति प्रतिवेदन तयार गरी महिला बालबालिका तथा सामाजिक ईकाईमा पेश गर्ने।

(ट) लैगिक तथा घरेलु हिंसाको रोकथामका लागि अनि घटना घटि हालेको खण्डमा छिमेकीका नाताले प्रभावित व्यक्तिहरुको पक्षमा पारिवारिक मेलमिलाप कायम गराउन पहल गर्ने ।

(ठ) सेवा केन्द्रको उद्देश्य प्राप्ति तथा सोको सिलसिलामा आवश्यक भई पालिकाले समन्वय गरी तोकेका अन्य कार्य गर्ने ।

## परिच्छेद-३
## संचालन मापदण्ड

**५. केन्द्र सञ्चालन सम्वन्धी मापदण्डः**

(१) सेवा केन्द्रले अनाथ, असहाय, हिंसा प्रभावित तथा जोखिममा परेका महिला तथा बाल बालिकाहरुको लागि कपडा, खाद्यान्न, मनीसामाजिक विमर्श लगायतको सहयोग उपलब्ध गराई सुरक्षित अल्पकालिन आश्रय सहितको सेवा केन्द्रमा संरक्षण सम्बर्द्धन गर्नुपर्नेछ।

(२) सुरक्षित आपतकालिन आश्रयसहितको सेवा केन्द्र साचालनका लागि सोसंग सम्बन्धित आवश्यक क्रियाकलापको विस्तृत विवरण गाउँपालिका समक्ष पेश गर्नुपर्नेछ।

(३) सुरक्षित अध्यकालीन आश्रयसहितको सेवा केन्द्रमा लैंगिक हिंसा प्रभावितलाई सेवा दिन वा आश्रय दिनको लागि गाउँपालिकाले स्वीकृत लिइ तोकिएको आदेश अनुसार राख्ने र क्रियाकलापको विस्तृत विवरण पेश गर्ने।

४) सुरक्षित अल्पकालिन आश्रय सहितको सेवा केन्द्र सञ्चालनमा आएको प्रभावितको विवरण तुरुन्त गाउँपालिकालाई जानकारी दिई कुन स्थानीय तहको हो सम्बन्धित स्थानीयतहमा सम्प्रेशण गर्न पेश गर्नुपर्ने।

५) गाउँपालिकाको ५वडा भन्दा बाहीरको प्रभावितलाई सेवा दिनु पर्दा वा सेवाकेन्द्रमा आश्रय दिनु पर्ने भएमा गाउँपालिकाको न्यायिक समितिबाट स्वीकृत लिएर मात्र राख्नु पर्ने। र सम्बन्धित जिल्लाको स्थानीय निकायमा सम्प्रेशणको लागि प्रक्रियामा लानु पर्ने ।

६) गाउँपालिकाले आवश्यकता अनुसार नियमित अनुगमन गर्न सक्नेछ र मासिक रुपमा कार्यविवरण लिनु पर्ने।

७) कार्यक्रम सम्पन्न पश्चात कार्य सम्पन्न प्रतिवेदन विल भरपाई समेत पेश गर्नु पर्नेछ ।

## परिच्छेद-४
## संचालन मापदण्ड

**<u>६.सेवा लिने प्रकृयाः</u>** सेवा लिनका लागि देहायको प्रकृया अवलम्वन गर्नु पर्नेछ ।

क. पिडित व्यक्तिहरुको मौखिक वा लिखित निवेदन लिने,
ख. केन्द्रको कार्यक्षेत्रभित्रका महिला संस्गा वा अन्तर्गतका समितिको तर्फबाट सिफारिस भै आएको,
ग. खण्ड ख मा उल्लिखित समिति संस्था नभएको कार्यक्षेत्रको हकमा केन्द्रसँग सम्वन्य गरेको सामुदायकि संस्थातर्फबाट
घ. विभिन्न सरकारी तथा गैर सरकारी सेवा प्रदायकको तर्फबाट

ङ. कार्यक्षेत्राहिरका प्रभावित महिनाको कामको विशेष निर्णयको आधारमा महिला बालवालिका तथा ज्येष्ठ नागरिक इकाईको तर्फबाट सम्प्रेषकको तर्फबाट सेवा केन्द्रमा सिफारिस गर्दा कुन-कुन सेवाका लागि हो जनाउनु पर्दछ ।

माथि जुनसुकै कुरा लेखिएतापनि सम्बन्धित स्थानीय तहको स्वीकृत लिएरमात्र सेवा दिनु पर्नेछ।

**७. <u>अवधिः</u>** प्रभावित महिलाका हकमा मेवा केन्द्र अन्तर्गत ३० दिनसम्म र विशेष अवस्थापरेमा पालिकाअन्तर्गत समन्वय समितिले विशेष निर्णय गरेकोमा थप १५ दिन गरी जम्मा ४५ दिन सेवा केन्द्रमा राख्न सकिनेछ।

सेवा केन्द्रअन्तर्गतको सुरक्षित अत्कालीन आश्रयमा प्रभावित व्यक्तिलाई माथि उल्लिखित अवधिसम्म एकैपल्ट वा पटक-पटक गरेर पनि राख्न सकिनेछ । प्रभावित महिलाको साथी आएका व्यक्ति महिला नै भएको खण्डमा निजलाई पनि एकैपल्ट का पटक-पटक गरेर ७ दिनसम्म अन्तर्गतको सुरक्षित अन्यकालीन आश्रयमा बस्ने अनुमति दिन सकिनेछ।

**<u>८. अल्पकालीन सेवा केन्द्रका लक्षित बर्गः</u>** अल्पकालीन सेवा केन्द्रमा आश्रय लिन सक्ने लक्षित वर्ग देहाय बमोजिम हुनेछ।

क) घरेलू हिंसा पीडित तथा पीडित मंग आथित नाबालक

ख) लैंगिक हिंसा पीडित तथा पीडित संग बाधित नाबालक

**<u>९. आवासको मापदण्डः</u>** आवासको मापदण्ड देहाय बमोजिम हुनेछ ।

(क) परिसरः आवास गृह परिसर देहायबमोजिम हुनुपर्दछ।

चारैतिर झट्ट कोही प्रवेश गर्न नसक्ने गरी अग्लो पर्खाल वा तारबारले घेरिएको,

हाताभित्र गृह अनुसारको खुल्ला ठाउँ रहेको,

आवागमन नियन्त्रण गर्न सक्ने गरी बलियो प्रवेशद्वार भएको र सुरक्षाको दृष्टिकोणले उपयुक्त स्थान,

(ख) आवास गृहःआवास गृह देहायका सुविधा सम्पन्न हुनुपर्दछ

दुवैपट्टि स्याल गम्रिएका हावा खेल्ने कोठाहरू,

प्रभावित बालवालिकाका लागि अलग्गै बालमैत्रि कोठा.

मनोसामाजिक विमर्श का लागि छुट्टै कक्ष,

शौचालय तथा स्नान कक्ष, पानी, नुबाइ-धुबाइू, सरसफाइका लागि सामग्री, भाँडाकुँडा, कुचो, फोहोर सङ्कलन टोकरी, नूगा सुकाउने डोरी,

(ग) लुगाफाटोः भर्ना भएका प्रत्येक व्यक्तिका लागि देहायमा उल्लिखित लुगाफाटोको व्यवस्था हुनुपर्दछ

दरी कम्मल, डसना, तकिया, सिरक, दोलाई, झुल, बोन चाहिनेमा खोलसमेत एक-एक पान ओड्ने ओछ्याउने लुगा नभएकालाई एकसरो लुगा।

(घ) खानेकुराः

दैनिक खानेकुराको व्यवसथा निर्देशन समितिले तोके बमोजिम केन्द्रभित्र वा बाहिरको भोजनालयबाट व्यवस्था गर्ने गरी देहाय बमोजिम हुनु पर्दछ ।

विहान चियासँगै हल्का खाजा दिउसो खाना वेलुकी खाना बालबालिकाको हकमा उमेर अनुसारको खाना,

(ङ) स्वास्थ्योपचारः

स्वास्थ्योपचारतर्फ निम्न व्यवस्था सुनिश्चितता हुनु पर्दछ

प्राथमिक उपचार बाकस, समस्या हेरी नियमित उपचार, आकस्मिक उपचार बालबालिकाको हकमा उमेर अनुसार खोप सुविधा

(च) मनोसामाजिक विमर्शः

नेपाल सरकारले तोकेको योग्यता हासिल गरेका (Counsellor) बाट मनोसामाजिक परामर्श सेवा प्रदान गर्नुपर्दछ

संरक्षित व्यक्ति प्रत्येकलाई सातामा एकपल्ट नियमित सेवा व्यक्तिको मनोदशा हेरी थप आवश्यक सेवा र सेवा ग्राहीको व्यक्तिगत विवरणको गोप्यता कायम राख्ने,

छ) कानूनी सेवाः

देहायमा उल्लिखित कानूनी सेवा प्रदान गर्ने व्यवस्था मिलाउनुपर्दछ

प्रभावित व्यक्तिले न्याय प्राप्त गर्न आवश्यक परामर्श र उपाचार्थ चाहेको सेवा

प्रभावित व्यक्तिले प्रचलित कानुनबमोजिमको हक प्राप्त गर्न आवश्यक परामर्श र उपचारार्थ चाहेको सेवा

ज) सञ्चालनः

केन्द्रका सेवाहरूको सन्चालनमा देहायका व्यवस्था पालना गर्नुपछ-

प्रभावित व्यक्तिहरुका लागि सहानुभुतिपुर्ण एवं सम्मानजनक व्यवहारको सुनिश्चितताका लागि लिखत

झ) आचारसंहिता,

प्रभावित व्यक्तिको पहिचानको गोप्यता कायम राख्ने व्यवस्थाका साथै इच्छा विपरीतको कुनै पनि कार्यमा प्रतिबन्ध,

आवास गृहमा भेटघाट कक्षभन्दा उत्ता वस्ने अनुमति प्राप्त अनस चिकित्सक अत्यावश्यक व्यक्ति बाहेक बाहिरका कसैलाई पनि प्रवेश मनाही

तोकेबमोजिम खोल्ने गरी आवास गृहमा उजुरीपेटिकाको व्यवस्था।

ञ) जनशक्तिः

केन्द्र प्रमुख  एकजना व्यवस्थापक एकजना, चौकीदार एकजना र आशिक समय भाली सरसफाइ बावकता अनुसार र

मनोसामाजिक विमर्शक र कानुनी सल्लाहकार भनेका बेल्ला उपलब्ध हुने गरी सम्पर्कमा रहने ।

तलब तथा अन्य सुविधा समितिले तोके बमोजिम हुनेछ ।
(ट) अभिलेख

केन्द्रले देहाय वमोजिम अभिलेख गनुपर्दछ

प्रभावित व्यक्तिको नाम दर्ता किताब,

संरक्षित व्यक्तिको दैनिक हाजिरी किताब,

प्रभावित व्यक्तिको व्यक्तिगत गोप्य फाइल

दोहोरी लेखा प्रणालीमा केन्द्रको आम्दानी खर्चको पारदशी लेखा तथा सोको पुष्टि गर्ने कागजात,

निर्देशन समितिको निर्णय किताब

समन्वय समितिले तोकेको अन्य अभिलेख

## परिच्छेद-४
## <u>खर्चको मानक</u>

**<u>८. खर्चका मानकः</u>**

क) सेवा केन्द्रबाट सेवा प्रदान गर्दा  देहायको प्रयोजनमा देहाय बमोजिमको सिमाभित्र रहेर खर्च गर्नु पर्दछ ।
क) घर भाडाः केन्द्रका साथै सुरक्षित आश्रयका लागि लिइने घर भाडावापतको रकम समन्वय समितिले घर हेरी स्विकृत गर्नेछ ।
ख) मालसामानः डस्ना, पर्दा खाट, विस्तारा भाडाकुँडा टेलिभिजन, खातापाता लगायतका स्थापनाका लागि आवश्यक खप्ने मालसामान मध्ये हाल फेर्नु पर्ने वा थप गर्नु पर्ने भए शैया क्षमता समेतको विचार गरी साधरणतया रु ५०,००० हजार ननाघ्ने गरी औचित्यका आधारमा स्विकृत गरेको रकम,

ग) औषधीपचार समितिले तोकेको अस्पतालमा उपचार विरामी तथा बिरामीको कुरुवा समेतको जोडेर निम्नानुसार सीमा ननाघ्ने गरी लागेको यथार्थ खर्च रकम,
घ)सुरक्षित अल्पकालिन आश्रयमै बसी उपचार गराउँदा अस्पताल आतेजाते मितव्ययी सवारी साधनको भाडाका साथै परिक्षण तथा औषधी खर्च बापत जम्मा रु. २००० सम्म

ङ) अस्पतालमै भर्ना भई उपचार गराउँदा पुऱ्याउदाँ र ल्याउँदा लागेको मितव्ययी सवारी साधनको भाडा, परीक्षण तथा औषधी खर्चका अतिरिक्त दिनसम्म खाने खर्चबापत विरामी र एकजना कुरुवाका लागि प्रतिव्यक्ति प्रतिदिन ३०० गरी जम्मा र ६५०० सम्म

च) विशेष अवस्थामा समितिले विशेष निर्णय गरेकोमा थप रु ४,००० सम्म,

<u>९. कानुनी उपचार</u>ः

(क) एक जना साथीसमेत कानूनी निकाय तथा सिफारिसमा अड्डा अदालत जातेआते मितव्ययी सवारी साधनको भाडा, कानुनी दस्तुर र सेवा वापत साथी समेतको जोडेर निम्नानुसारको सीमा ननाघ्ने गरी लागको यथार्थ खर्च समन्वय समितिले आवश्यकता महशुस गरेको खण्डमा

(ख) सामान्य अवस्थामा प्रतिव्यक्ति रु २,५०० सम्म विशेष अवस्थामा समितिले विशेष निर्णय गरेकोमा थप २५०० सम्म,

(ग) फुटकर अल्पकालीन आश्रयमा रहेको दिनजति प्रभावित महिलालाई मात्र फुटकर खर्चबापत प्रतिव्यक्ति दैनिक रु १५.

घ) फिर्ता सम्प्रेषणः फिर्ता सम्प्रेषण गर्दा माथी समेतको मितव्ययी सवारी साधनको भाडा तथा एकै दिन पुगिनेमा खाजा खर्चषापत प्रतिव्यक्ति रु ५० बास बस्नुपर्नेमा बस्नेखाने खर्चचापत प्रतिव्यक्ति दैनिक रु ३००,
ङ) खानेकुरा अल्पकालीन आश्रयमा रहेको अवधिभरि प्रभावित महिला दैनिक रु ३००
(च) मनीसामाजिक विमर्श प्रभावित महिलालाई आवश्यक मनोसामाजिक विमर्श प्रदान गर्न प्रतिव्यक्ति १,००० साम
(छ) लुगाफाटो प्रभावित महिला को कपडा च्यातिएर, रगताम्मे भएर बा एकसरी मात्र भएर अवस्था भएकोमा न्यूनतम अत्यावश्यक लुगाफाटो किन्न प्रतिव्यक्ति १५०० सम्म समन्वय समितिले आवश्यक ठानेमा र
(ज) जीविकोपार्जन अनुदान कोष खडा गर्नु पर्नेः

कः बैठक खर्च समितिको बैठक सञ्चालन खर्चबापत अधिकतम र ३६,०००

**परिच्छेद-५**
**विविध**

**<u>१०. कर्मचारी नियुक्ति तथा सेवा शर्तः</u>**

(१) केन्द्रमा आवश्यक कर्मचारी गाउँपालिकाले करार वा प्रचलित कानून बमोजिम नियुक्त गर्न सक्नेछ।
(२) कर्मचारीको योग्यता, सेवा शर्त, पारिश्रमिक तथा आचारसंहिता गाउँपालिकाले तोके बमोजिम हुनेछ।
(३) कर्मचारीले पीडितमैत्री व्यवहार गर्नुपर्नेछ र गोपनीयता उल्लङ्घन गरेमा कारबाही गरिनेछ।

**११. गोपनीयता उल्लङ्घनसम्बन्धी कारबाहीः**

(१) कसैले पीडितको नाम, ठेगाना, तस्बिर वा अन्य पहिचान खुल्ने विवरण सार्वजनिक गरेमा प्रचलित कानून बमोजिम कारबाही गरिनेछ।
(२) कर्मचारीले गोपनीयता भंग गरेमा सेवा शर्तअनुसार विभागीय कारबाही हुनेछ।

**१२. साझेदारी तथा समन्वयः**

(१) केन्द्रले आवश्यकताअनुसार सरकारी तथा गैरसरकारी संस्थासँग समन्वय गर्न सक्नेछ।
(२) विशेष अवस्थामा जिल्ला प्रशासन कार्यालय, प्रहरी कार्यालय, स्वास्थ्य संस्था तथा न्यायिक समितिसँग सहकार्य गरिनेछ।

**१३. बीमा व्यवस्थाः** केन्द्रमा आश्रित व्यक्तिको आधारभूत स्वास्थ्य जोखिम न्यूनीकरणका लागि सम्भव भएसम्म स्वास्थ्य बीमा वा आकस्मिक सहयोग कोषको व्यवस्था गर्न सकिनेछ।

**१४. आपतकालीन व्यवस्थाः** प्राकृतिक प्रकोप, महामारी वा अन्य आपतकालीन अवस्थामा गाउँ कार्यपालिकाले विशेष कार्ययोजना बनाई केन्द्र सञ्चालन गर्न सक्नेछ।

**१५. सामाजिक पुनर्स्थापना तथा सीप विकासः**

(१) पीडित व्यक्तिलाई दीर्घकालीन पुनर्स्थापनाका लागि सीप विकास, उद्यमशीलता तालिम वा रोजगारीसम्बन्धी कार्यक्रमसँग जोड्न सकिनेछ।
(२) आवश्यकताअनुसार जीविकोपार्जन अनुदान प्रदान गर्न सकिनेछ।

**१६. गुनासो सुनुवाइ संयन्त्रः**

(१) केन्द्रको सेवा सम्बन्धमा कुनै गुनासो भएमा उजुरी पेटिका वा लिखित निवेदनमार्फत गुनासो दर्ता गर्न सकिनेछ।
(२) प्राप्त गुनासो १५ दिनभित्र सम्बोधन गरिनेछ।

**१७. अभिलेख संरक्षण अवधिः**

केन्द्रले पीडितसम्बन्धी अभिलेख सुरक्षित रूपमा कम्तीमा ५ वर्षसम्म राख्नुपर्नेछ। गोप्य अभिलेख सुरक्षित भण्डारणमा राखिनेछ।

कञ्चन गाउँपालिका स्थानीय राजपत्र

**१८. संशोधनः**

यो नियमावली आवश्यकताअनुसार गाउँकार्यापलिकाबाट संशोधन गर्न सकिनेछ।

**१९. नियमावलीको व्याख्याः** यस नियमावलीको व्याख्या गर्ने अधिकार गाउँ कार्यपालिकामा निहित रहनेछ।

**२०. कार्यविधि, मापदण्ड र निर्देशीका बनाउने अधिकारः**

(१) यो नियमावलीको को उद्देश्य कार्यान्वयन गर्नका लागि कञ्चन गाउँपालिकाले आवश्यक कार्यविधि, निर्देशिका र मापदण्ड बनाउन सक्नेछ ।

१८. **बाधा अडकाउ फुकाउने अधिकारः**

(१) यस नियमावली बमोजिम बाधा अडकाउ फुकाउने अधिकार गाउँ कार्यापालिकामा निहित रहनेछ।

**१९. खारेजी र बचावटः**

(१) यस नियमावलीको कुनै दफा वा उपदफा संघिय कानून वा प्रदेश कानून सँग बाझिएमा बाझिएको हद सम्म अमान्य र बदर हुनेछ ।

कञ्चन गाउँपालिका स्थानीय राजपत्र

**प्रमाणीकरण मितिः २०८२/११/२९**

आज्ञाले,

माधव प्रसाद पोखेल

प्रमुख प्रशासकीय अधिकृत

कञ्चन गाउँपालिका

कञ्चन गाँउपालिका स्थानीय राजपत्र